नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# न्यूनतम समर्थन मूल्यमा धान खरीद गर्न चाहने सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना

सूचना नं. १०/२०८०/८१

तेस्रो पटक प्रकाशित मिति: २०८०/०७/०१ गते

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०/०३/२६ को निर्णयानुसार चालु आ.व. २०८०/८१ को लागि मोटा धानको प्रति क्विन्टल रु. ३१९८/- र मध्यम धानको प्रति क्विन्टल रु. ३३६२/- न्यूनतम समर्थन मूल्य तोकिएकाले रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भित्रका ईच्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७" मा भएको प्रावधान बमोजिम निर्देशिकामा उल्लेखित तपसिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको मितिले बडा दशैं बिदा बाहेक १५ दिन भित्र मिति २०८०/०७/२१ सम्म यस कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>

१. रितपूर्वक सहितको सूचिकृत निवेदन।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
४. सहकारी संस्थाको आधिकारीक व्यक्तको नागरिकताको प्रतिलिपी।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम र पछिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि ईन्छुक क्षेत्र।
८. धान खरिदका लागि आवश्यक रकमको स्रोतको विवरण।
९. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
१०. धान खरिद, ढुवानी, भण्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण।

थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८५७०४७२०९ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

२०८०/०७/०१

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)